## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०१/०५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः

| सि.नं. | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादी **गोपाल राजभण्डारी समेत** ५ जना (गोपाल राजभण्डारी,पुष्कर भट्टराई,राम प्रसाद श्रेष्ठ,आर.के.कन्सट्रक्सन र कृष्ण बहादुर कटुवाल प्रतिवादीहरु भएको, (बिशेष अदालतको मुद्दा नं. ०७९-CR-०१४५), बिशेष अदालतबाट फैसला भएको मिति २०८१/०१/२४) | **अधिकार नै नभएको विषयमा कानून विपरीत ठेक्का लगाई राजश्व रकम हिनामिना गरी भ्रष्टाचार गरेको** । | प्रस्तुत मुद्दामा देहाय बमोजिमका प्रतिवादीहरु समेत उपर सजायको मागदाबी लिइएको अवस्था विद्यमान छः<br><br>**जिल्ला समन्वय समितिको कार्यालय,सुनसरीका तत्कालीन जिल्ला समन्वय प्रमुख,प्रतिवादी गोपाल राजभण्डारीको हकमाः-**<br><br>जिल्ला समन्वय समितिको कार्यालय, सुनसरीका तत्कालीन जिल्ला समन्वय प्रमुख, प्रतिवादी गोपाल राजभण्डारीले नेपालको संविधानको अनुसूचि र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ समेतले कर संकलन गर्न अधिकार नै नदिएको अवस्थामा आ.व.२०७५/०७६ को लागि कृषि तथा बनकस जडिबुटि जिल्ला निकासी कर संकलन गर्नको लागि सूचना प्रकाशन गरी गराई सो सूचना बमोजिम आर.के.कन्स्ट्रक्सन ईटहरी-८ ले दैनिक (मु.अ.क.बाहेक) रु.६१,०००।- (अक्षरेपी एकसठ्ठी हजार मात्र) जिल्ला समन्वय समितिको कार्यालयमा दाखिला गर्न कबोल गर्दा त्यस कार्यालयका तत्कालीन जिल्ला समन्वय अधिकारी पुष्कर भट्टराईले सो कन्स्ट्रक्सनलाई कबोल गरेको दैनिक रु.६१,०००।- (मु.अ.क.बाहेक) (अक्षरेपी एकसठ्ठी हजार मात्र) को ३ (तीन) महिनाको दरले हुन आउने रकम वा सो बराबरको बैंक ग्यारेन्टी लिई सम्झौता गर्न आउनको लागि च.नं.१९२, मिति २०७५।०३।२९ को पत्रबाट जानकारी गराउँदा उक्त पत्र तथा रकम र सरकारी ठेक्का बन्दोवस्त ऐन, २०२० को दफा १४ को उपदफा (१) को खण्ड (क) र रकम र सरकारी ठेक्का बन्दोवस्त नियमहरु, २०२२ को | फैसलाः<br>कूल ५ जना प्रतिवादीहरुमध्ये पाँचैजना प्रतिवादीहरुले आरोपित कसूरबाट सफाई पाउने ठहरी फैसला भएको अवस्था छ ।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>प्रस्तुत मुद्दामा बिशेष अदालत, काठमाण्डौबाट कूल ५ जना प्रतिवादीहरुमध्ये पाँचैजना प्रतिवादीहरुको हकमा प्रस्तुत मुद्दाको आरोप मागदावीबाट सफाई पाउने ठहरी फैसला गर्दा लिईएका आधार तथा कारणहरु देहाय बमोजिम रहेका छनः<br><br>क) निज प्रतिवादीहरुले आरोपित कसूरमा ईन्कार रही बयान गरेका ।<br><br>ख) प्रस्तुत मुद्दाको आरोप पत्रमा कृषि तथा बनकस जडीबुटी सम्वन्धी निकासी करको ठेक्का यो यस निकायले मात्र लगाउन पाउने र सोको आधार यो यस्तो कानून रहेको भनी विश्लेषण गरिएको नदेखिएको, नेपालको संविधानको अनुसूचीहरु हेर्दा आरोपदाबी अनुरुप जिल्ला समन्वय समितिले कर उठाउन पाउने भनी प्रत्यक्ष व्यवस्था भएको नदेखिएको, तर संविधानको धारा २२० को उपधारा (३) मा जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्नु पर्ने सम्पूर्ण कार्य सम्पादन गर्नेछ भन्ने व्यवस्था भएको पाईन्छ भने उपधारा (७) मा प्रदेश कानून बमोजिमका अन्य कार्यहरु गर्ने उल्लेख भएको पाईएको, यसैगरी सोही धाराको | क) प्रस्तुत मुद्दाका सम्बन्धमा निज प्रतिवादीहरुले आरोपित कसूरबाट उन्मुक्ति पाउने मनसायले ईन्कारी बयान गरेकै आधारमा प्रतिवादी जिल्ला समन्वय समितिको कार्यालय, सुनसरीका तत्कालिन जिल्ला समन्वय प्रमुख गोपाल राजभण्डारीले नेपालको संविधानको अनुसूचि र स्थानीय सरकार संचालन ऐन, २०७४ समेतले कर संकलन गर्न अधिकार नै नदिएको अवस्थामा आ.व. २०७५/०७६ को लागि कृषि तथा बनकस जडिबुटि जिल्ला निकासी कर संकलन गर्नको लागि सूचना प्रकाशन गरी गराई सो सूचना बमोजिम आर.के.कन्स्ट्रक्सन, ईटहरी-८ लाई कर संकलन गर्ने अभिकर्ता नियुक्तीको पत्र दिएको, ठेकेदारबाट रकम उठाउन लगाई ठेकेदार र निज गोपाल राजभण्डारी समेतको मिलोमतोमा विभिन्न मितिमा जम्मा रु.६८,९३,०००।-(अक्षरेपी अडसठ्ठी लाख त्रियानब्बे हजार मात्र) मात्र कार्यालयको खातामा दाखिला गरी गराई बाँकी रकम रु.८०,५२,०००।-(अक्षरेपी असी लाख बाउन्न हजार मात्र) कार्यालयको खातामा दाखिला नगरी नगराई ठेकेदारलाई फाइदा र सार्वजनिक सम्पतिको हानिनोक्सानी हुने कार्य गरेको देखिंदा देखिंदै निज प्रतिवादीहरु **गोपाल राजभण्डारी, पुष्कर भट्टराई,आर.के.कन्सट्रक्सनका प्रोप्राईटर प्रतिवादी रामप्रसाद श्रेष्ठ तथा सोही आर.के.कन्सट्रक्सनका प्रतिनिधि प्रतिवादी कृष्ण बहादुर कटुवाल समेतले** गरेको बदनियतपूर्ण कार्यबाट सार्वजनिक सम्पत्तिको हिनामिना तथा हानिनोक्सानी भएको मिशिल संलग्न तथ्य र प्रमाण समेतलाई अनदेखागरी निज प्रतिवादीहरुलाई आरोपित कसूरबाट सफाई दिने ठहरी भएको फैसला त्रुटिपूर्ण भएकोले बदरभागी छ।<br>ख) प्रस्तुत मुद्दाका सम्बन्धमा जिल्ला समन्वय समितिका तत्कालीन प्रमुख, प्रतिवादी गोपाल राजभण्डारी र तत्कालीन समयका जिल्ला समन्वय अधिकारी प्रतिवादी पुष्कर भट्टराईले आफूलाई हुँदै नभएको अधिकार प्रयोग गरी नेपालको संविधानको अनुसूचि र स्थानीय सरकार संचालन ऐन, २०७४, तथा रकम र सरकारी ठेक्का बन्दोवस्त ऐन, २०२० को दफा १४ को उपदफा (१) को खण्ड (क) र रकम र सरकारी ठेक्का बन्दोवस्त नियमहरु,२०२२ को नियम ८ को उपनियम (१) र नियम ९ समेत विपरीत |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | नियम ८ को उपनियम (१) र नियम ९ समेत विपरीत निज गोपाल राजभण्डारीले सो कन्स्ट्रक्सनसँग प्रभावित भई मात्र रु.४,५०,०००।-(अक्षरेपी चार लाख पचास हजार मात्र) कार्यालयको खातामा दाखिला गर्न लगाई आफ्नो पदीय अधिकार नै नभएको अवस्थामा आफ्नै हस्ताक्षरबाट च.नं.१,मिति २०७५।०४।०१ को कर संकलन गर्ने अभिकर्ता नियुक्तीको पत्र दिएको,सो कन्स्ट्रक्सनले उक्त कार्यालयमा ठेली प्रमाणित गरी पाउँ भनी मिति २०७५।०३।३२ मा निवेदन दिँदा सो निवेदनमा जिल्ला समन्वय अधिकारी पुष्कर भट्टराईले राजस्व शाखालाई कम्तिमा एक महिनाको रकम बुझी लिए पछि मात्रै पेश गर्ने भनी तोक आदेश गर्दा सो आदेश विपरीत निज गोपाल राजभण्डारीले रु.२,००,०००।-(अक्षरेपी दुईलाख मात्र) समन्वय समितिको राजश्व शाखालाई बुझन लगाई ठेली प्रमाणित गराई बुझाउन लगाएको,सो कन्ट्रक्सनलाई उक्त ठेक्का तोडेको व्यहोराको च.नं.३४०,मिति २०७५।१२।२९ को पत्र समेत लेखी आफ्नो अधिकार क्षेत्र भन्दा बाहिर गै कार्य गर्नुका साथै सो ठेक्कामा ठेकेदारले कबोल गरे अनुसारको कर वापतको जम्मा रकम रु.१,४९,४५,०००।-(अक्षरेपी एक करोड उनान्चास लाख पैंतालिस हजार मात्र) ठेकेदारबाट उठाउन लगाई ठेकेदार र निज प्रतिवादीको मिलेमतोमा सो मध्ये विभिन्न मितिमा जम्मा रु.६८,९३,०००।-(अक्षरेपी अडसठ्ठी लाख त्रियानब्बे हजार मात्र) कार्यालयको खातामा दाखिला गरी गराई बाँकी रकम रु.८०,५२,०००।-(अक्षरेपी असी लाख बाउन्न हजार मात्र) कार्यालयको खातामा दाखिला नगरी नगराई ठेकेदारलाई फाइदा र सार्वजनिक सम्पतिको हानिनोक्सानी हुने कार्य गरी गराई | उपधारा (८) मा जिल्ला सभाको संचालन, जिल्ला समन्वय समितिका पदाधिकारीले पाउने सुविधा तथा जिल्ला सभा सम्बन्धी अन्य व्यवस्था प्रदेश कानून बमोजिम हुनेछ भन्ने व्यवस्था भएको पाईएको, यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९२ को उपदफा (१) ले प्रदेश कानूनले अन्यथा व्यवस्था नगरेसम्मको लागि केही समन्वयकारी भूमिकाको व्यवस्था खण्ड (ब) देखि (ञ) सम्म उल्लेख गर्दै खण्ड (ट) मा नेपाल सरकार वा प्रदेश सरकारले तोकेका अन्य कार्य गर्ने उल्लेख गरेको पाईएको,यसबाट प्रदेश कानून बमोजिम समेत जिल्ला समन्वय समितिको कार्य क्षेत्र निर्धारण हुने देखिन आएको।<br><br>ग) प्रस्तुत मुद्दाको सम्बन्धमा प्रदेशको प्रदेश राजपत्र मिति २०७५।३।२१, अतिरिक्ताङ्क ७ मा आर्थिक ऐन, २०७५ प्रकाशन भएको देखिएको,उक्त ऐनको दफा ७ को उपदफा (१) मा प्रदेशभित्र उत्पादन भई जिल्ला निकासी हुने कृषिजन्य पशुजन्य र वन जन्य उत्पादनमा अनुसुची ५ बमोजिम जिल्ला निकासी शुल्क लगाई असुल उपर गरिनेछ भन्ने व्यवस्था गरिएको देखिएको, उपदफा (२) ले उपदफा (१) बमोजिमको शुल्क सम्बन्धित जिल्ला समन्वय समितिले संकलन गरी प्रदेश संचित कोषमा दाखिला गर्नुपर्नेछ | हुनेगरी तथा हाल सम्म स्पष्ट रुपमा अधिकार किटान भईनसकेको देखिएको उक्त कर संकलन र दाखिलाको जिम्मा दिई लिई प्रतिवादीहरु आर.के.कन्सट्रक्सनका प्रोप्राईटर प्रतिवादी रामप्रसाद श्रेष्ठ तथा सोही आर.के.कन्सट्रक्सनका प्रतिनिधि प्रतिवादी कृष्ण बहादुर कटुवाल समेतले गरेको बदनियतपूर्ण कार्यबाट आरोपपत्रमा उल्लेखित बिगो बमोजिमको रकम बराबरको हानीनोक्सानी भएको मिशिल संलग्न तथ्य, प्रमाण र आधारहरुलाई अनदेखागरी तथा निज प्रतिवादीहरुलाई आरोप पत्रमा उल्लेखित आरोप मागदावी बमोजिम सजाय हुनु पर्नेमा सो नगरी निज प्रतिवादीहरुलाई आरोपित कसूरबाट सफाई दिने ठहरी भएको सम्मानित बिशेष अदालत, काठमाण्डौको फैसला प्रमाण विवेचनाको रोहमा त्रुटिपूर्ण भएकोले बदरभागी छ।<br>ग) यसैगरी प्रस्तुत मुद्दाका प्रतिवादीहरुले जिल्ला समन्वय समितिले स्पष्ट रुपमा प्रयोग गर्न मिल्ने अधिकार नभएको अवस्थामा नै उक्त अधिकार प्रयोग गरेका, कानून विपरीत ठेक्का लगाएका, कर संकलन र संकलित रकमको रितपूर्वक खातामा दाखिला नगरेको र सोही कारणबाट रु.८०,५२,०००।— बराबरको सार्वजनिक सम्पत्ति हानिनोक्सानी भएकोमा उक्त रकमलाई बिगो कायम गरी प्रतिवादीहरु उपर आरोप मागदावी लिईएको व्यहोरालाई यथोचित विश्लेषण तथा मूल्यांकन नगरी सो व्यहोरालाई अनदेखागरी निज प्रतिवादीहरुलाई आरोपित कसूरबाट सफाई दिने ठहरी भएको सम्मानित बिशेष अदालत काठमाण्डौको फैसला त्रुटिपूर्ण भएकोले बदरभागी छ।<br>घ) प्रस्तुत मुद्दाका सम्बन्धमा निज प्रतिवादीहरुले प्रचलित संविधान र कानून बमोजिम स्पष्ट रुपमै कर संकलन र दाखिला गर्ने गराउने अधिकार दिई नसकेको बिषयमा प्रवेशगरी उक्त कर रकम संकलन गर्न गराउन गरेको विधि र प्रक्रिया समेत कानून विपरीत भएको, संकलित रकम यथासमयमै सम्बन्धित खातामा दाखिला गर्नु पर्नेमा सो नगरी आपसी मिलेमतोमा रु.८०,५२,०००।— बराबरको सार्वजनिक सम्पत्ति हिनामिना, हानिनोक्सानी र दुरुपयोग गरे गराएको देखिंदा देखिँदै निज प्रतिवादीहरुले आरोपित कसूरबाट सफाई पाउने ठहरी भएको फैसलामा निजहरुको कसूरको गम्भीरतालाई समेत मध्यनजर नगरी फैसला भएको देखिएकोले सम्मानित बिशेष अदालत काठमाण्डौबाट भएको फैसला त्रुटिपूर्ण |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर गरेको देखिएकोले विगो रु.८०,५२,०००।–(अक्षरेपी असी लाख बाउन्न हजार मात्र) कायम गरी सोही ऐनको दफा १७ मा उल्लेख भए बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ज) बमोजिम कैद र जरिबाना गरी हानिनोक्सानी भएको विगो रु.८०,५२,०००।–(अक्षरेपी असी लाख बाउन्न हजार मात्र) दफा १७ बमोजिम निज प्रतिवादी गोपाल राजभण्डारीबाट असुल उपर हुन समेत मागदाबी लिईएको।<br><br>साथै, तत्कालीन जिल्ला समन्वय प्रमुख, प्रतिवादी गोपाल राजभण्डारीले उल्लेखित आ.व.२०७५/०७६ को लागि कृषि तथा बनकस जडिबुटि जिल्ला निकासी कर संकलन गर्नको लागि प्रथम पटक मिति २०७५।०३।१३ र दोश्रो पटक मिति २०७५।०३।२५ मा सूचना प्रकाशन गरी गराई सो प्रकासित सूचना बमोजिम आर.के.कन्स्ट्रक्सन, ईटहरी-८ ले दैनिक रु.६१,०००।–(मु.अ.क.बाहेक) (अक्षरेपी एकसठ्ठी हजार मात्र) जिल्ला समन्वय समितिको कार्यालयमा दाखिला गर्न कबोल गर्दा सो कन्स्ट्रक्सनसँग प्रभावित भई रु.४,५०,०००।–(अक्षरेपी चार लाख पचास हजार मात्र) मात्र कार्यालयको खातामा दाखिला गर्न लगाई आफ्नो पदीय अधिकार नै नभएको अवस्थामा संबैधानिक र कानूनी प्रावधान विपरीत कृषि तथा बनकस जडिबुटि जिल्ला निकासी कर संकलन गर्न सो कन्स्ट्रक्सनलाई आफ्नै हस्ताक्षरबाट च.नं. १,मिति २०७५।०४।०१ को कर संकलन गर्ने अभिकर्ता नियुक्तीको पत्र दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ बमोजिमको कसूर | भन्ने व्यवस्था भएको पाईंदा उक्त शुल्क संकलन गर्ने अन्य उपदफा बमोजिम व्यवस्थापन गर्ने अनिवार्य कर्तव्य नै जिल्ला समन्वय समितिको भएको देखिन आएको, यसैगरी अघिल्लो आर्थिक वर्षको यही प्रकारको कर संकलन सम्बन्धमा वादीले विवाद गरेको नदेखिएको,ठेक्का प्रक्रियाका सम्बन्धमा वादीको कुनै दावी रहेको नदेखिएको।<br><br>घ) यसैगरी अघिल्लो आर्थिक वर्षमा पनि विवादित कर सकंलनको कार्य गरेको, प्रदेश आर्थिक ऐन, २०७५ को दफा ७ नेपालको संबिधानको धारा १३७ बमोजिम बदर पनि नभएको, विवादित आ.व. २०७५।०७६ मा पनि प्रक्रिया अगाडी बढि सकेको, आफनो सबैभन्दा नजिकको सरकार (Immediate Government) ले पनि उक्त कर संकलनलाई निरन्तरता दिन लेखि पठाएको यस अवस्थामा आफू भन्दा माथिका केन्द्रीय र सङ्घीय सरकारको बीचमा कर संकलन गर्ने र सम्वन्धित कानूनको व्याख्या गर्ने सम्बन्धमा भएको द्वन्द्वको समाधान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ बमोजिम हुन सक्दैन, गर्न मिल्दैन, प्रदेश आर्थिक ऐन,२०७५ को दफा ७ बदर नभएको अवस्थामा जिल्ला समन्वय समितिले उक्त प्रावधान बैधनिक छ भनी मान्नु पर्ने देखिएको,वादी आफैले सोही प्रक्रियाका आधारमा असूल भएको | भएकोले बदरभागी छ।<br>ङ) यसैगरी प्रस्तुत मुद्दाका सम्बन्धमा नेपालको संविधानको अनुसूचि र स्थानीय सरकार संचालन ऐन, २०७४, तथा रकम र सरकारी ठेक्का बन्दोवस्त ऐन, २०२० को दफा १४ को उपदफा (१) को खण्ड (क) र रकम र सरकारी ठेक्का बन्दोवस्त नियमहरु,२०२२ को नियम ८ को उपनियम (१) र नियम ९ समेत विपरीत ठेक्का दिई लिई, रकम समयमै तोकिएको खातामा दाखिला नगरी नगराई पत्राचार मात्रै गरेको भरमा निजहरुको बदनियतपूर्ण कार्यबाट उक्त हानिनोक्सानी भएको सार्वजनिक सम्पत्तिको रकम असुल उपर तथा प्राप्ती नहुने भन्ने देखिंदा देखिंदै मिशिल संलग्न तथ्य,प्रमाण,आधार र कारणहरु समेतलाई अनदेखागरी भएको सम्मानित बिशेष अदालत काठमाण्डौबाट भएको शुरु फैसला प्रमाण विवेचनाको रोहमा त्रुटिपूर्ण भएकोले बदरभागी छ।<br>च) यसैगरी महालेखापरीक्षकले बेरुजु रकम भनी भनेको रकम रु.८०,५२,०००।— निज प्रतिवादीहरुको बदनियतपूर्ण कार्यको परिणाम भएको, सो असुल उपर भई सकेको भन्ने कहिं कतैबाट प्रमाण पेश नभएको अवस्थामा उक्त रकम बराबरले सार्वजनिक सम्पत्ति हानी नोक्सानी भएको व्यहोरा देखिने मिशिल संलग्न तथ्य तथा प्रमाण समेतलाई अनदेखागरी भएको सम्मानित बिशेष अदालत काठमाण्डौबाट भएको फैसला प्रमाण विवेचनाको रोहमा त्रुटिपूर्ण भएकोले बदरभागी छ।<br>छ) प्रस्तुत मुद्दाका सन्दर्भमा बेरुजु र भ्रष्टाचार फरक विषय हुन् भन्ने कुरामा स्पष्ट हुन जरुरी देखिन्छ, यहाँ प्रतिवादीहरुको मिलेमतोमा अधिकार नै नभएको बिषयमा प्रवेश गरी उक्त कर रकम संकलन गर्न गराउन गरेको विधि र प्रक्रिया समेत कानून विपरीत भएको, संकलित रकम यथासमयमै सम्बन्धित खातामा दाखिला गर्नु पर्नेमा सो नगरी आपसी मिलेमतोमा रु.८०,५२,०००।— बराबरको सार्वजनिक सम्पत्ति हिनामिना, हानिनोक्सानी र दुरुपयोग गरे गराएको देखिंदा उक्त रकम खाने/पचाउने बद्नियतको मनसायले शुरु देखि नै योजनाबद्ध रुपमा नेपाल सरकारलाई गैरकानूनी हानिनोक्सानी पु-र्याउने बद्नियतले कार्य गरे गराएको देखिएको बेरुजुको विषय हुन सक्दैन, यहाँ प्रतिवादीहरुले कर संकलन गरेको प्रक्रिया र सोको दाखिला नगरेको आधारबाट पनि निजहरुले गरेको उक्त कार्यको प्रस्तुत विषय विशुद्ध भ्रष्टाचारको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | समेत गरेको देखिएकोले निजलाई सोही ऐनको दफा १५ बमोजिम कैद र जरिबाना समेत हुन मागदावी लिईएको।<br><br>**जिल्ला समन्वय समितिको कार्यालय, सुनसरीका तत्कालीन जिल्ला समन्वय अधिकारी,प्रतिवादी पुष्कर भट्टराईको हकमाः-**<br><br>जिल्ला समन्वय समितिको कार्यालय, सुनसरीका तत्कालीन जिल्ला समन्वय अधिकारी प्रतिवादी पुष्कर भट्टराईले नेपालको संविधानको अनुसूचि र स्थानीय सरकार संचालन ऐन, २०७४ समेतले कर संकलन गर्न अधिकार नै नदिएको अवस्थामा आ.व.२०७५/०७६ को लागि कृषि तथा बनकस जडिबुटि जिल्ला निकासी कर संकलन गर्नको लागि प्रथम पटक मिति २०७५।०३।१३ र दोश्रो पटक मिति २०७५।०३।२५ समेतमा सूचना प्रकाशन गरेकोमा सो प्रकासित सूचना अनुसार आर.के.कन्स्ट्रक्सन ईटहरी-८ ले दैनिक रु.६१,०००।–(मु.अ.क.बाहेक) (अक्षरेपी एकसठ्ठी हजार मात्र) जिल्ला समन्वय समितिको कार्यालयमा दाखिला गर्न कबोल गर्दा सो कन्स्ट्रक्सनलाई कबोल गरेको दैनिक रु.६१,०००।–(मु.अ.क.बाहेक) (अक्षरेपी एकसठ्ठी हजार मात्र) को ३ (तीन) महिनाको दरले हुन आउने रकम वा सो बराबरको बैंक ग्यारेन्टी लिई सम्झौता गर्न आउनको लागि च.नं.१९२, मिति २०७५।०३।२९ को पत्र लेखी संवैधानिक र कानूनी प्रावधान विपरीत उक्त कृषि तथा बनकस जडिबुटि जिल्ला निकासी कर संकलन गर्न ठेक्का प्रक्रिया सुरु गरी आफूले पाएको अधिकार भन्दा बाहिरको कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ बमोजिमको कसूर गरेको | रु.६८,९३,०००।– लाई वैध मानी स्वीकारेको देखिएको भने बाँकी रु.८०,५२,०००।– असूल हुनुपर्ने दाबीसमेत लिएको देखिएको।<br><br>ङ) यसैगरी मिशिल संलग्न च.नं.१, मिति २०७५।४।१ को पत्र ब्यहोराबाटै आर.के.कन्स्ट्रक्सनलाई ठेक्का अवधि पुरैको रकम संकलनको लागि कार्यादेश दिएको नभई बुझाएको जति रु.४,५०,०००।- लिई सात गतेभित्र २० दिनको रकम दाखिला गर्ने गरी २०७५।४।१० सम्मको लागि मात्र अनुमती दिएको स्पष्ट देखिंदा ठेक्का रुपैयाँको चार खण्डको एक खण्ड बराबरको रकम नलिएको भन्ने निस्कर्ष नै तथ्यमा आधारित देखिन नआएको, नियुक्त गरिएको १० गतेसम्मको अनुपातमा हिसाब गर्दा अग्रिम लिनु पर्ने चार खण्डको एक खण्ड भन्दा बढी नै हुने देखिएको, रकम संकलन गर्न जिम्मेवारी पाएको आर.के.कन्स्ट्रक्सनले प्रत्येक महिना रकम दाखिला गर्दै आएको समेत देखिएको, उल्लिखित तथ्यहरुबाट बांकी रकम उठाउन प्रतिवादीहरुले केही नगरी बसेको भन्ने अवस्था देखिन नआएको, प्रतिवादी आर.के.कन्स्ट्रक्सनले बुझाउनु पर्ने राजश्व रकम असूलीका लागि जिल्ला समन्वय समिति सुनसरीले निर्णय र पत्राचार गरेबाट निजहरुले प्रयास गरेकै देखिन आएको हुँदा प्रतिवादी गोपाल राजभण्डारीले लापरवाही वा | विषय हो, यसै सन्दर्भमा, (ने.का.प.२०७६, अंक ३, नि.नं. १०२०८) "भ्रष्टाचार हुनु र बेरूजु हुनु फरक-फरक विषय हुन्, भ्रष्टाचारमा व्यक्तिगत फाइदा लिने बद्नियत तत्त्वको विद्यमानता हुन्छ भने बेरूजुमा खर्च भएको रकम बिल भरपाइद्वारा पुष्टि भएको हुँदैन, भ्रष्टाचारको कसूर स्थापित हुन सरकारी सम्पत्ति दूषित मनसायबाट खर्च गरी हानि नोक्सानी पुऱ्याउने नियत र त्यसबाट आफूले लिनु खानु गरेको भन्ने प्रस्ट रूपमा देखिनु पर्ने" भन्ने सम्मानित सर्वोच्च अदालतबाट सार्जन पाण्डे समेत विरूद्ध नेपाल सरकार भएको मुद्दा, सर्वोच्च अदात बुलेटिन, २०६६ मंसिर १, पूर्णाङ्क ४१७, पृष्ठ १९ र २० मा "सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना वा दुरुपयोग भएको कुरा उसको व्यवहार (By conduct) बाट देखिने हुन्छ, By conduct अर्थात् कार्य तत्वले नै बदनियत तत्व र मनसाय तत्व पत्ता लाग्छ। प्रस्तुत सन्दर्भमा प्रतिवादीहरुको क्रियातत्व हेर्दा मासी खाएको रकम बेरुजू प्रकृतिको नभई आफ्नो जिम्माको रकम मासी खाने दुरुपयोग गर्ने मनसायबाट कार्य भएको" भन्ने प्रतिपादित सिद्धान्तको प्रतिकुल भएको प्रस्तुत फैसला त्रुटीपूर्ण हुँदा बदरभागी छ। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | देखिएकोले निजलाई सोही ऐनको दफा १५ बमोजिम कैद र जरिवाना समेत हुन मागदावी लिइएको।<br><br>**प्रतिवादी आर.के.कन्स्ट्रक्सन, इटहरी-८ सुनसरी र सोको प्रोप्राईटर प्रतिवादी राम प्रसाद श्रेष्ठको हकमाः-**<br><br>आर.के.कन्स्ट्रक्सन, इटहरी-८ सुनसरी र सोको प्रोप्राईटर प्रतिवादी राम प्रसाद श्रेष्ठले जिल्ला समन्वय समितिको कार्यालय, सुनसरीले नेपालको संविधानको अनुसूचि र स्थानीय सरकार संचालन ऐन, २०७४ समेतले कर संकलन गर्न अधिकार नै नदिएको अवस्थामा आ.व.२०७५/०७६को लागि कृषि तथा बनकस जडिबुटि जिल्ला निकासी कर संकलन गर्नको लागि दैनिक रु.६१,०००।- (मु.अ.क.बाहेक) (अक्षरेपी एकसट्ठी हजार मात्र) जिल्ला समन्वय समितिको कार्यालयमा दाखिला गर्न कबोल गरी सो कार्यालयका तत्कालीन जिल्ला समन्वय अधिकारी पुष्कर भट्टराईले कबोल गरेको दैनिक रु.६१,०००।- (मु.अ.क.बाहेक) (अक्षरेपी एकसट्ठी हजार मात्र) को ३ (तीन) महिनाको दरले हुने रकम वा सो बराबरको बैंक ग्यारेन्टी लिई नियुक्ति लिन आउनको लागि च.नं.१९२, मिति २०७५।०३।२९ को पत्रबाट जानकारी गराउँदा उक्त पत्र तथा रकम र सरकारी ठेक्का बन्दोवस्त ऐन, २०२० को दफा १४ को उपदफा (१) को खण्ड (क) र रकम र सरकारी ठेक्का बन्दोवस्त नियमहरु, २०२२ को नियम ८ को उपनियम (१) र नियम ९ समेत विपरीत उक्त कार्यालयका तत्कालीन जिल्ला समन्वय प्रमुख, गोपाल राजभण्डारीलाई गैर कानूनी रुपमा प्रभावमा पारी रु.४,५०,०००।-(अक्षरेपी चार लाख पचास हजार मात्र) जिल्ला समन्वय | बदनियत पूर्वक कार्य गरेको भन्न नमिल्ने, निजसंग रकम असूलीको लागि यो यस्तो कारवाहीको अधिकार थियो जुन निजले अवलम्वन गरेनन् भन्ने पनि दावी रहेको नदेखिएको ।<br><br>च) प्रस्तुत मुद्दाका सम्बन्धमा कृषि तथा पशु उपज सम्बन्धी जिल्ला निकासी कर बापत उठेको रु.६८,९३,०००।- (अक्षरेपी अडसट्ठी लाख त्रियानब्बे हजार मात्र) लाई वादीले नै स्वीकार गरेको, दाबीको रु.८०,५२,०००।- (अक्षरेपी असी लाख बाउन्न हजार मात्र) समेत महालेखा परीक्षकबाट बेरुजु उठेको हुँदा उक्त बेरुजु रकम कानून बमोजिम असुल उपर हुन सक्ने नै देखिंदा प्रस्तुत मुद्दामा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४), दफा १५ तथा दफा १७ अन्तर्गतको कसूर भएको भन्न नमिल्ने। | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | समितिको खातामा दाखिला गरी कर संकलन गर्ने अभिकर्ता नियुक्तीको पत्र लिई ठेक्का प्राप्त गरी ठेक्का बहाल रहेको अवधि मिति २०७५।०४।०१ देखि २०७५।१२।२९ सम्म २४५ (दुईसय पैंतालिस) दिन कृषि तथा बनकस जडिबुटि जिल्ला निकासी कर रकम संकलन गरी जिल्ला समन्वय समितिको कार्यालय, सुनसरीको खातामा दाखिला गर्नुपर्ने जम्मा रु.१,४९,४५,०००।-(अक्षरेपी एक करोड उनान्चास लाख पैंतालिस हजार मात्र) मध्ये विभिन्न मितिमा जम्मा रु.६८,९३,०००।-(अक्षरेपी अडसठ्ठी लाख त्रियानब्बे हजार मात्र) दाखिला गरी बाँकी रकम रु.८०,५२,०००।-(अक्षरेपी असी लाख बाउन्न हजार मात्र) हाल सम्म पनि जिल्ला समन्वय समितिको कार्यालय, सुनसरीको खातामा दाखिला नगरी, उक्त रकम खाईमासी हिनामिना गरी, सरकारी रकम हानिनोक्सानी पु-र्याई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूर गरेको देखिएकोले विगो रु.८०,५२,०००।-(अक्षरेपी असी लाख बाउन्न हजार मात्र) कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (४) बमोजिम दण्ड सजाय गरी बिगो जफत समेत गर्न मागदाबी लिईएको, साथै आर.के.कन्स्ट्रक्सन इटहरी-८ को हकमा भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूरमा सोही दफा बमोजिम विगो रु.८०,५२,०००।-(अक्षरेपी असी लाख बाउन्न हजार मात्र) जफत गरी बिगो बमोजिम जरिबाना समेत हुन मागदावी लिइएको ।। | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | **आर.के.कन्स्ट्रक्सन, इटहरी-८ सुनसरीका प्रतिनिधि, प्रतिवादी कृष्ण बहादुर कटुवालको हकमाः-**<br><br>आर.के.कन्स्ट्रक्सन,इटहरी-८ सुनसरीको प्रतिनिधि प्रतिवादी कृष्ण बहादुर कटुवालले जिल्ला समन्वय समितिको कार्यालय, सुनसरीले नेपालको संविधानको अनुसूचि र स्थानीय सरकार संचालन ऐन, २०७४ समेतले कर संकलन गर्न अधिकार नै नदिएको अवस्थामा आ.व.२०७५/०७६ को लागि कृषि तथा बनकस जडिबुटि जिल्ला निकासी कर संकलन गर्नको लागि दैनिक रु.६१,०००।- (मु.अ.क.बाहेक) (अक्षरेपी एकसठ्ठी हजार मात्र) जिल्ला समन्वय समितिको कार्यालयमा दाखिला गर्न कबोल गरी सो कार्यालयका तत्कालीन जिल्ला समन्वय अधिकारी, प्रतिवादी पुष्कर भट्टराईले कबोल गरेको दैनिक रु.६१,०००।- (मु.अ.क.बाहेक) (अक्षरेपी एकसठ्ठी हजार मात्र) को ३ (तीन) महिनाको दरले हुने रकम वा सो बराबरको बैंक ग्यारेन्टी लिई नियुक्ति लिन आउनको लागि च.नं.१९२, मिति २०७५।०३।२९ को पत्रबाट जानकारी गराउँदा उक्त पत्र तथा रकम र सरकारी ठेक्का बन्दोवस्त ऐन,२०२० को दफा १४ को उपदफा (१) को खण्ड (क) र रकम र सरकारी ठेक्का बन्दोवस्त नियमहरु,२०२२ को नियम ८ को उपनियम (१) र नियम ९ समेत विपरीत उक्त कार्यालयका तत्कालीन जिल्ला समन्वय प्रमुख गोपाल राजभण्डारीलाई गैर कानूनी रुपमा प्रभावमा पारी रु.४,५०,०००।-(अक्षरेपी चार लाख पचास हजार मात्र) मात्र जिल्ला समन्वय समितिको खातामा दाखिला गरी कर संकलन गर्ने अभिकर्ता नियुक्तीको पत्र लिई ठेक्का प्राप्त गरेको सो ठेक्कामा मिति २०७५।०३।३० मा सम्झौता लगायतका सम्पूर्ण आर्थिक कारोबार समेत गर्नको लागि अख्तियारनामा लिई सो कन्स्ट्रक्सनको | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रतिनिधि नियुक्त भई ठेक्का बहाल रहेको अवधि मिति २०७५।०४।०१ देखि २०७५।१२।२९ सम्म २४५ (दुईसय पैंतालिस) दिन कृषि तथा बनकस जडिबुटि जिल्ला निकासी कर रकम संकलन गरी जिल्ला समन्वय समितिको कार्यालय, सुनसरीको खातामा दाखिला गर्नुपर्ने जम्मा रु.१,४९,४५,०००।-(अक्षरेपी एक करोड उनान्चास लाख पैंतालिस हजार मात्र) मध्ये विभिन्न मितिमा जम्मा रु.६८,९३,०००।-(अक्षरेपी अडसट्ठी लाख त्रियानब्बे हजार मात्र) मात्र दाखिला गरी बाँकी रकम रु.८०,५२,०००।-(अक्षरेपी असी लाख बाउन्न हजार मात्र) हाल सम्म पनि जिल्ला समन्वय समितिको कार्यालय,सुनसरीको खातामा दाखिला नगरी,उक्त रकम खाईमासी हिनामिना गरी, सरकारी रकम हानिनोक्सानी पु-र्याई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूर गरेको देखिएकोले विगो रु.८०,५२,०००।-(अक्षरेपी असी लाख बाउन्न हजार मात्र) कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (४) बमोजिम दण्ड सजाय गरी बिगो जफत समेत गर्न मागदावी लिइएको। | | |